गोदावरी नगरपालिका
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

प. सं. ०८०/८१
च.नं.:

# प्रेस विज्ञप्ती

## तेस्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८० सम्बन्धमा

गोदावरी नगरपालिकाले सदाका वर्षहरु जस्तै आ.व २०८०/८१ को वार्षिक कार्ययोजना अन्तरगतको कार्यक्रम राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने मूल नाराका साथ मिति २०८०/०९/१३ देखि १५ सम्म सेन्ट जेभियर्स स्कुल गोदावरीमा सञ्चालन गर्ने गरी सम्पूर्ण तयारी पूरा गरेको छ ।विद्यार्थीहरुको अन्तरनिहित क्षमता प्रस्फुटन गराउने महत्वपूर्ण माध्यम र अवसरको रुपमा रहेको यो कार्यक्रम शैक्षिक क्षेत्रसँगै खेल क्षेत्रको समेत प्रवर्द्धन र विकासमा महत्वपूर्ण कोशेढुङ्गा सावित हुने कुरामा दुविधा छैन ।हजारौं विद्यार्थीहरुको सहभागितामा नगरपालिकाले आयोजना गर्ने राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताले विद्यार्थीहरुको प्रतिभाको मूल्याङ्कन मात्र गर्दैन, यसले समग्र विद्यालयको व्यवस्थाकीय पक्ष, शिक्षक व्यवहार तथा संस्कृति, नैतिक अवस्थाको समेत प्रत्यक्ष प्रतिविम्वन गर्ने गर्दछ । जसले गर्दा पनि शैक्षिक जगतको एक महोत्सवको रुपमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई व्यापक उत्साहका साथ सञ्चालन गर्ने तयारी नगरपालिकाको रहेको छ ।

### तयारी चरणका क्रियाकलापहरु:

१. मिति २०८० मंसीर १९ गते राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता निर्देशक समितिको बैठक नगर प्रमुख श्री गजेन्द्र महर्जनको अध्यक्षतामा बसि राष्ट्रपति रनिङ्ग शिल्डलाई एक उत्सवको रुपमा मनाउने निर्णय गर्दै उक्त कार्यक्रमलाई सफल बनाउन प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा सवै खेल विधासँग सम्बन्धित व्यक्तित्वहरु सहितको १३ सदस्य रहेको कार्यान्वयन समिति निर्माण गरी अधिकार समेत प्रत्यायोजन गरी कार्य प्रारम्भ।

२. निर्देशक समितिको बैठक अनुरुप मिति २०८० मंसीर २० गते विद्यालयहरुलाई गुगल फारम मार्फत आवेदन दिन सूचना प्रकाशन ।

३. खेलमा भलिवल, कवड्डी एथलेटिक्स र मार्शल आर्ट विधाका ३३ समूहका खेल मिति २०८० पौष १३ देखि १५ गतेसम्म सञ्चालन हुने।

४. विद्यालयगत रुपमा खेलाडी विद्यार्थीहरुको सहभागितालाई सहज बनाउन कार्यान्वयन समितिको निर्णय अनुरुप विधागत रुपमा खेल निर्धारण गरी मिति २०८० मंसीर २० देखि पौष ५ गतेसम्म विद्यालयहरुबाट सहभागी हुने खेलाडी विद्यार्थीहरुको नाम संकलन।

५. खेलको मूल्याङ्कनका लागि जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गरी रेफ्रि खटाउन लेखि पठाएको । सोही अनुरुप जिल्ला खेलकुद विकास समितिबाट खटि आउनु भएका अम्पायर तथा रेफ्रीहरुले मुख्य निर्णायकको रुपमा भूमिका खेल्ने छन् । मुख्य रेफ्रीसँगको समन्वयमा सवै विधाका विधागत रुपमा अन्तराष्ट्रिय, राष्ट्रिय तथा प्रदेश स्तरका ६६ जना रेफ्रि तथा अम्पायरहरुको व्यवस्था नगरपालिकाले गरेको छ ।

६. विद्यालयको शिक्षक प्रतिनिधि, प्रधानाध्यापक र रेफ्रिहरुको रोहवरमा टाइसिट तयारी गरी सोको सूचना सम्प्रेषण ।

७. सहभागी विद्यालयहरुको प्रधानाध्यापक सहितको बैठकबाट खेललाई व्यवस्थित र मर्यादित बनाउन आचारसंहिता तयार।

८. सहभागी खेल विवरण

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १. | विद्यालय संख्या | ४७ |
| २. | विद्यार्थी खेलाडी | १५८५ |
| ३. | खेल विधा | ६ |
| ४. | खेल | ३३ |
| ५. | शिक्षक प्रतिनिधि | ४७ |
| ६. | विधागत शिक्षक प्रतिनिधि | २७७ |
| ७. | मुख्य रेफ्रि/रेफ्रि अम्पायर | ६६ |

९. कार्यक्रम विवरण

| क्र.स | कार्यक्रम | विवरण |
|---|---|---|
| १. | कार्यक्रम सञ्चालन मिति | मिति २०८० पौष १३ गते विहान १० देखि पौष १५ गतेसम्म |
| २. | स्थान | सेन्ट जेभियर्स स्कुल गोदावरी |
| ३. | खेल सुरु | मिति २०८०/०९/१३ विहान १० बजेदेखि |
| ४. | उदघाटन | मिति २०८०/०९/१३ दिउसो २ बजे |

| | | |
|---|---|---|
| ५. | पुरस्कार वितरण तथा समापन | मिति २०८०/०९/१५ दिउसो २ बजे |
| ६. | पदक | स्वर्ण १४४<br>रजत १४४<br>कास्य १४४ |
| ७. | पुरस्कार | प्रमथ १ लाख, रनिङ्ग शिल्ड र ट्रफि<br>द्धितीय ५० हजार र ट्रफि<br>तृतीय २५ हजार र ट्रफि |

**प्रवक्ता**
गोदावरी नगरपालिका
बज्रवाराही, ललितपुर
मिति: २०८० पौष १२ गते